annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १८६ पृष्ठ ८ | काठमाडौं, सोमबार २६ कात्तिक २०८१ | कार्तिक शुक्लपक्ष दशमी नेपाल संवत् ११४५ | MONDAY, NOVEMBER 11, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



उखानै छ, जहाँ गहिरो, त्यहीँ पहिरो। ०७२ को भूकम्पले घर भत्काइदियो, असोज १२ को पहिरोले गाउँ बस्न नमिल्ने बनाइदियो। पनौती-२ नयाँगाउँमा हालैको पहिरोले चिरैचिरा परेका छन्। घर भत्केका छन्, नयाँ बनाउन ठाउँ नै बाँकी नरहेपछि स्थानीय थातथलो छोड्ने मनस्थितिमा छन्।

समाचार पृष्ठ २

कभर स्टोरी

## नयाँगाउँमा चिरैचिरा

# बसुँ घरै छैन, जाउँ कहाँ जाउँ ?

**दिनेश गौतम** | *नयाँगाउँ (पनौती)*

– को रिपोर्ट

तस्बिर : अशोक दुलाल

## राष्ट्रपति पौडेल अजरबैजान प्रस्थान



**काठमाडौं** (अन्नपूर्ण): राष्ट्रपति रामचन्द्र पौडेल बाकु सहरमा हुने जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि पक्ष राष्ट्रहरूको २९औं सम्मेलन (कोप-२९) मा भाग लिन अजरबैजान प्रस्थान गरेका छन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा राष्ट्रपति पौडेललाई बिदाइ गर्न उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, उपप्रधानमन्त्री र मन्त्रीहरू लगायतका उच्च अधिकारीहरू पुगेका थिए।

अजरबैजानका राष्ट्रपति इलहम अलियभको निमन्त्रणामा उक्त सम्मेलनमा सहभागी हुन राष्ट्रपति पौडेल उच्चस्तरीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै बाकु गएका हुन्। सम्मेलनमा सहभागी भई राष्ट्रपति पौडेल यही कात्तिक ३० गते शुक्रबार स्वदेश फर्कने कार्यतालिका छ।

राष्ट्रपति पौडेलले यही कात्तिक २७ र २८ गते हुने उच्चस्तरीय सत्रको 'विश्व नेताहरू जलवायु कार्य शिखर सम्मेलन'लाई कात्तिक २७ गते सम्बोधन गर्नुहुने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ। सम्मेलनका क्रममा नेपालले आफ्ना एजेन्डामाथि विश्वको ध्यानाकर्षण गराउन कात्तिक २८ गते राष्ट्रपति पौडेलको नेतृत्वमा बेग्लै उच्चस्तरीय सत्र सञ्चालन हुनेछ। सम्मेलनमा 'पर्वतीय क्षेत्रमा जलवायुजन्य हानिनोक्सानीको सम्बोधन' विषयक उच्चस्तरीय बैठकसमेत हुनेछ।

बैठकमा नेपालले मेलम्ची, मुस्ताङ, कञ्चनपुर, थामे, काठमाडौं उपत्यकालगायत क्षेत्रमा असामान्य मौसमीजन्य घटनाका कारण आएको बाढी-पहिरोबाट भएको क्षतिबारे जानकारी गराउनेछ।

विश्वमै नेपाल जलवायुको असरबाट सबैभन्दा बढी प्रभावित मुलुकमध्ये पर्छ। नेपालले जलवायु परिवर्तनसम्बन्धी विभिन्न महासन्धिको पक्ष राष्ट्रका हैसियतले सन् २०५० सम्म कार्यान्वयन गर्ने राष्ट्रिय अनुकूलन कार्यक्रम तयार गरी कार्यान्वयन गरिरहेको छ। सम्मेलन यही कात्तिक २६ सुरु भई आगामी मंसिर ७ गतेसम्म सञ्चालन हुनेछ। आफू अजरबैजान जाने भएपछि राष्ट्रपति पौडेलले राष्ट्रपतिको काम गर्ने जिम्मेवारी उपराष्ट्रपति रामसहाय यादवलाई तोकेका छन्।

# पूर्वमन्त्री अधिकारी अन्ततः पक्राउ

**किशोर बुढाथोकी** | *विराटनगर*

कोशीका निवर्तमानमन्त्री लीलाबल्लभ अधिकारीलाई २ दिन हिरासतमा राखेर अनुसन्धान गर्न जिल्ला अदालत काठमाडौंले अनुमति दिएको छ। मानव तस्करीको आरोप लागेका अधिकारीलाई मोरङ प्रहरीले आइतबार उनकै निवासबाट पक्राउ गरी जहाजबाट काठमाडौं लगेको थियो। जापान भ्रमण र मानव तस्करीसम्बन्धी विवादमा उनी मुछिएका हुन्।

विराटनगर महानगरपालिका-२ स्थित निवासबाट आइतबार दिउँसो १ बजेतिर अधिकारीलाई प्रहरीले पक्राउ गरेको थियो। विराटनगर विमानस्थलबाट यती एयरलाइन्सको जहाजमा राखेर उनलाई काठमाडौं लगिएको थियो। अदालतबाट अनुमति लिएर पक्राउ गरिएको प्रहरीले जनाएको छ।

सादा पोसाकका प्रहरीले आइतबार बिहानैदेखि अधिकारीको निवासलाई घेरा हालेका थिए। काठमाडौं प्रहरी परिसरले पक्राउ गरेर पठाइदिन जिल्ला प्रहरी कार्यालय मोरङलाई पत्राचार गरेको थियो। पक्राउका लागि सहजीकरण गर्न काठमाडौं प्रहरी परिसरबाट आएको टोलीसँग मोरङ प्रहरी प्रमुख एसपी नारायण चिमरिया पनि पुगेका थिए।



**निवर्तमानमन्त्री लीलाबल्लभ अधिकारीलाई पक्राउ गरिँदै।** ● अभिशेष महर्जन

मन्त्री अधिकारीले आफूविरुद्ध लागेको आरोपको अनुसन्धानमा प्रहरीलाई सहयोग गर्ने बताउँदै आएका छन्। उनी आइतबार दिउँसो आफैं यती एयरलाइन्सको जहाजमार्फत काठमाडौं जाने तयारीमा थिए। स्रोतका अनुसार आफू अनुसन्धानमा सहयोग गर्न तयार रहेको निवेदनसहित काठमाडौंस्थित प्रहरीको सम्पर्कमा जान लागेका थिए। तर, प्रहरीले निवासबाटै उनलाई पक्राउ गरेको हो।

जापान भ्रमणमा जाने नाममा मानव तस्करी गरेको आरोप अधिकारीमाथि लागेको छ। तर, अहिलेसम्म विकसित घटनाक्रमले भने मानव तस्करीको जालोमा अधिकारी 'अञ्जान'मा परेको देखिने प्रहरीका एक अधिकारी बताउँछन्। उनले जापानबाटै प्रहरी अधिकारीलाई सम्पर्क गरेर घटनाको जानकारी दिएका थिए। प्रहरीले पक्राउ गर्नासाथ अधिकारीले आफू अनुसन्धानमा सहयोग गर्न गएको बताए। प्रहरीले पक्राउ गर्दै गर्दा उनले भने, 'म अनुसन्धानमा सहयोग पुर्‍याउन हिँडेको हुँ। कानुनभन्दा माथि कोही छैन। अनुसन्धानमा सहयोग पुर्‍याउनु मेरो कर्तव्य र दायित्व हो। अनुसन्धानबाट सत्यतथ्य थाहा हुन्छ।'

कोशी प्रदेशसभा सदस्यसमेत रहेका अधिकारीलाई अनुसन्धानको दायरामा ल्याउन चौतर्फी दबाब परेको थियो। यद्यपि, उनले आफू अनुसन्धानमा सहयोग गर्न सदैव तयार रहेको बताउँदै आएका थिए। नक्कली परिचयपत्र बनाई संगठित गिरोहलाई रकम बुझाएर गत साता जापान पुगेका तीन युवालाई जापानको अध्यागमनबाट फिर्ता गरिएलगत्तै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरेर प्रहरीले अनुसन्धानको दायरामा ल्याएको छ। आफू सहभागी हुने कार्यक्रममै हिँडेको भन्दै भेट गरेका उनीहरूलाई फिर्ता ल्याएर आफूले नै नेपाल प्रहरीको जिम्मा लगाएको अधिकारीले बताउँदै आएका छन्।

» बाँकी पृष्ठ ६

## सर्वोच्चका न्यायाधीशमा निरौला र पाण्डेय नियुक्त





**काठमाडौं** (अन्नपूर्ण): राष्ट्रपति रामचन्द्र पौडेलले सर्वोच्च अदालतको न्यायाधीशमा नृपध्वज निरौला र नित्यानन्द पाण्डेयलाई आइतबार नियुक्त गरेका छन्।

राष्ट्रपति पौडेलले न्यायपरिषद्को सिफारिसमा संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएका निरौला र पाण्डेयलाई सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त गरेका हुन्। नेपालको संविधानको धारा १२९ को उपधारा (२) बमोजिम न्याय परिषद्को सिफारिसमा निरौला र पाण्डेयलाई न्यायाधीशमा नियुक्त गरिएको हो। निरौला उच्च अदालत पाटन र पाण्डेय उच्च अदालत तुलसीपुरको मुख्य न्यायाधीशमा कार्यरत रहेको अवस्थामा सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस भएका थिए।

# कोरियामा दक्ष कामदार पठाउने ढोका खुल्दै

**अन्नपूर्ण** | *काठमाडौं*

द्वन्द्वका कारण मध्यपूर्व र खाडीमा वैदेशिक रोजगार असुरक्षित बनिरहेका बेला, सरकार सर्वाधिक आकर्षक मानिने दक्षिण कोरियामा दक्ष कामदारको रोजगार बाटो खोल्ने अन्तिम प्रक्रियामा पुगेको छ। यससँगै ईपीएस प्रणालीबाट अदक्ष कामदार पठाइरहेकै खर्चले धान्ने गरी नेपालीले थप गतिलो रोजगारीमा जान पाउने छन्। उनीहरूको मासिक बेसिक तलब कम्तीमा ३ हजार अमेरिकी डलर (सरदर ४ लाख रुपैयाँ) हुनेछ।

ईपीएस प्रणाली (ई ९ भिसा) मा साना तथा मझौला कम्पनीले अदक्ष कामदार लैजाने गर्छन्। त्यसका लागि कोरियाली भाषा परीक्षामा उत्कृष्ट अंक ल्याई उत्तीर्ण गर्नुपर्छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीका अनुसार यसअघि भाषा परीक्षा पास गरेर बसेका २ लाख नेपाली रोजगारको पालो कुरिरहेका छन्। ईपीएसबाट अघिल्लो वर्ष सन् २०२३ मा सबैभन्दा धेरै १९ हजार ६ सय ८९ जना कोरिया गएका थिए। यस वर्ष १० हजारको हाराहारी पुग्ने अनुमान छ।

कोरिया जान तयार नेपालीलाई पछिल्लो निर्णयले राहत पुर्‍याउनेछ। ई७ भिसा भने कोरियाको कानुन मन्त्रालयले हेर्ने र व्यवसायी-व्यवसायी (बीटूबी) सम्झौतामा आधारित हुने उनले जानकारी दिए। ईपीएस भने त्यहाँको श्रम मन्त्रालयले हेर्छ। कोरियाले ईपीएस प्रणालीअन्तर्गत १७ देशबाट अदक्ष श्रमिक लैजाने गर्छ। सम्झौता भएका ती देशमध्ये नेपालले मात्र ई७ प्रणालीबाट सीपयुक्त श्रमिक पठाउन बाँकी रहेको र बाँकी सबैले पठाइरहेको मन्त्री भण्डारीले जानकारी दिए। 'रोजगारीसँगै भविष्यमा सीप, प्रविधि र पुँजी भित्र्याउन सक्ने सुरक्षित गन्तव्य हामीलाई चाहिएको छ', मन्त्री भण्डारीले भने, 'ती मुलुक कोरिया र जापान हुन्।'

कोरियाले आफ्नो मुलुकलाई आवश्यक पर्ने २० प्रतिशत मात्र दक्ष जनशक्ति ई७ प्रणालीबाट विश्व बजारबाट आपूर्ति गर्छ। उद्योगधन्दा र निर्माण क्षेत्रको चरम विकाससँगै हरेक वर्ष उसलाई ठूलो संख्यामा विदेश जनशक्ति आवश्यक हुन्छ। त्यसमा नेपालले दक्ष कामदारसमेत पठाउने बाटो खुल्दा रोजगारी नपाइरहेका सीपयुक्त नागरिकलाई राहत पुग्ने मन्त्रीको ठम्याइ छ।

मन्त्री भण्डारीले यसअघि व्यक्तिगत रूपमा दक्षिण कोरियामा रोजगारी खोजेका दक्ष कामदारलाई संस्थागत रूपमा परिचालन गर्न प्रक्रिया अघि बढाइएको बताए। कोरियाले ई-९ भिसा प्रयोग गरी सन् २००७ देखि उत्पादन र कृषि क्षेत्रका लागि रोजगार अनुमति प्रणाली (ईपीएस) अन्तर्गत नेपालबाट अदक्ष कामदार लैजाँदै आएको छ। यही अभिलाषामा हरेक वर्ष सरदर १ लाख नेपालीले कोरियन भाषा परीक्षा दिन्छन्। तर, सीमित संख्यामा मात्र श्रमिक लैजाँदा उनीहरूको व्यग्र धैर्य हुँदै आएको छ। यसले नयाँ अवसरको ढोकासमेत खोल्ने मन्त्री भण्डारीले बताए।

उनले ई७ भिसाअन्तर्गत दक्ष कामदार पठाउँदा ई-९ भिसा अर्थात् ईपीएस प्रणालीअन्तर्गत अदक्ष कामदारको निरन्तरतामा कुनै प्रभाव नपर्ने बताए। '१५ वर्षदेखि हामीले दक्षिण कोरियामा अदक्ष कामदार मात्रै पठाइरहेका छौं। अहिले कोरियामा दक्ष कामदारको ठूलो माग छ। यस अवसरलाई सदुपयोग गर्नुपर्छ,' उनले भने।

मन्त्रालयले कात्तिक ९ गते कोरियामा सीपयुक्त श्रमिक पठाउनेसम्बन्धी कार्यविधि, २०८० स्वीकृत गरेको हो। मन्त्री भण्डारीका अनुसार यसबाट ईपीएस प्रणालीमा कुनै असर पर्छ/पर्दैन भन्नेबारे परराष्ट्र र कानुन मन्त्रालयसँग राय मागिएको छ। प्रक्रिया पूरा भएपछि दक्ष कामदार कोरिया पठाउने प्रक्रियालाई व्यवस्थित गर्न मन्त्रालयले वैदेशिक रोजगार विभागअन्तर्गत छुट्टै शाखा खोल्ने तयारी गरेको छ।

» बाँकी पृष्ठ ६

### ईपीएस (ई९) र ई७ मा भिन्नता

| विषय | ईपीएस (ई९) | ई७ |
|---|---|---|
| रोजगारदाता | साना तथा मझौला कम्पनी | ठूला तथा बहुराष्ट्रिय कम्पनी |
| प्रकृति | अदक्ष | दक्ष |
| बेसिक तलब | सरदर १,२०० अमेरिकी डलर | कम्तीमा ३,००० अमेरिकी डलर |
| जान पाउने संख्या (वार्षिक) | ५,०००-१०,००० | १५,०००-२५,००० |
| लागत | टिकट, स्वास्थ्य परीक्षण, श्रम आदि प्रशासनिक खर्च | ईपीएसमा लाग्ने खर्चमा नबढ्ने गरी |
| माध्यम | सरकार-सरकार (जीटुजी) | व्यवसायी-व्यवसायी (बीटूबी) |
| हेर्ने निकाय | मानव संसाधन (श्रम मन्त्रालय) | सम्बन्धित एसोसिएसन (कानुन मन्त्रालय) |
| भाषा परीक्षा | अनिवार्य उत्तीर्ण गर्नुपर्ने | केही जाने पुग्ने |
| कामदार छनोट | भाषा परीक्षामा आधारित | सम्बन्धित एसोसिएसन र कम्पनीका प्रतिनिधिले यहीं आएर लिने (प्रयोगात्मक) |
| दायरा | श्रमिक | धेरै पेसा, धेरै पद |
| अवधि | बढीमा १० वर्ष | आवश्यकताअनुसार जति पनि |
| अन्य सुविधा | परिवार लैजान नपाउने | १ वर्षमा परिवार लैजान पाउने |